बढैयाताल गाँउपालिका
गाँउकार्यपालिकाको कार्यालय
मैनापोखर, बर्दिया
आर्थिक बर्ष २०७८/०७९ को बढैयाताल गाँउपालिकाको निति तथा कार्यक्रम

सम्मानित सभाका सदस्यज्यूहरु,

नेपाली जनताको चाहना अनुरुपप्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र, समानता, सामाजिक विकासका लागि बिभिन्न चरणमा भएका विभिन्न आन्दोलनका लोकतान्त्रिक मूल्य एंवम् मान्यतालाई आत्मसाथ गर्दै आम नेपाली जनताहरु माझ संविधान सभाको निवाचनमा जननिर्वाचित जनप्रतिनिधिद्धारा निर्मित नेपालको संबिधान २०७२ ले संघियता र स्वशासनको जन चाहनालाई परिपुर्ति गर्दै राज्य प्रणालीको रुपान्तरण गरि एकात्मक ढाँचाको राज्य प्रणालिको स्वरुपमा आमूल परिवर्तन गरि संघीय शासन प्रणालीको स्थापना गरिएको छ । यसरी राज्य पुन संरचना सम्मका बिभिन्न कालखण्डमा भएका आन्दोलनहरुमा आफ्नो जीवन लाई बलिदान गर्ने वीर सपुतहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु ।

कोभीड १९, कोरोना भाइरसका कारण विश्व जगतलाई विपतलाइ सामना गर्नु परेको बर्तमान अबस्थामा नेपालको अर्थतन्त्र पनि गम्भीर संकटमा रहेको छ । कोभिड-१९ कोरोना भाइरसको दोस्रो भेरियन्टका कारण विश्व लगायत नेपाल समेत निकै प्रभावित भयो, एक पटक बर्दिया र हाम्रो पालिका समेत निकै प्रभावित भयो । अझै सम्म पनि यसको जोखिम कायमै रहेको छ। यस पटक दोस्रो भेरियन्टवाट यस पालिकामा ३० जनाको अकालमा मृत्यु हुन गएको छ ।यसमा ज्यान गुमाउने सवै प्रति यो सभावाट हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। कोभिड पोजेटिभ भई होम आइसोलेशन, अस्पतालमा स्वास्थ्य लाभ गर्नु भएका सवै प्रति सिघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछु । यस महाविपतको घडीमा जनचाहना अनुरुप यस गाउँपालिकाको बार्षीक निती तथा कार्यक्रम निर्माण पनि एक चुनौतीको रुपमा लिइएको छ। संविधानले एक स्थानीय सरकारको रुपमा स्थापित गरेको यस गाउँपालिकाले प्राप्त स्रोत साधनको उच्चतम प्रयोग हुनेगरि जनभावना अनुसार कार्यक्रमलाई समेटेर यस सम्मानित सभामा आर्थिक बर्ष २०७८/०७९ को यस गाउँपालिकाको निती तथा कार्यक्रम तयार गरिएको छ ।

जननिर्वाचित प्रतिनिधहरुबाट जनआकाँक्षा अनुरुप नेपालको संबिधान २०७२ निर्मित भएकोमा सोहि संबिधानको भाग १७, १८, र १९ का धारा २१४ देखि ३२० मा स्थानीय तहलाई एक स्थानीय सरकारको रुपमा स्थापित गरिएको परिपेक्षमा कुनै पनि सरकारले आफ्नो बित्तिय व्यवस्थापनका लागि बार्षिक निति तथा कार्यक्रम सभाबाट स्वीकृत पश्चात निति अनुरुप बार्षिक बजेट सभाबाट स्वीकृत गरि कार्यन्वयन गर्नु पर्ने कानूनी व्यवस्था रहेकाले सोहि अनुरुप आगामी आ.ब. ०७७/०७८ लागि यस गाँउपालिकाले आफ्नो राजस्व परिचालन एवं श्रोत अभिबृद्धि, आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन बाताबरण तथा विपद व्यवस्थापन, संस्थागत विकास र सुशासनका लागि अंगीकार गरिने नितिहरुका बिषयमा यसगरिमा सभालाई जानकारी गराउन अनुमतिचाहन्छु ।

यस आ.व. २०७८/०७९ मा रु ..........................वजेत विनियोजित गरेको छ ।

यस बढैयाताल गाँउपालिकाले निम्न सेवाहरुलाई निशुल्क गरेको छ :

क) औषधि उपचार सिफारिस

ख) विपद् सम्बन्धि सिफारिस

ग) आर्थिक साहेता सम्बन्धि सिफारिस

घ) गरिव छात्रबृत्ति सम्बन्धि सिफारिस

ङ) आर्थिक रुपमा विपन्न सम्बन्धि सिफारिस

बढैयाताल गाँउपालिका

## पालिका स्तरीय गौरवका योजनाहरु

विगत देखि वहुवर्षिय योजना अन्तर्गत संचालन रहेका वढैयाताल गाँउपालिकाका गौरवका योजनाहरु यस आ.व. सम्म समपन्न गरिने छ।

१) भोलागौडी देखि डाफे कालोपत्रे वाटो निर्माण।

२) भोलागौडी देखि वढैयाताल कालोपत्रे वाटो निर्माण ।

३) सिमरा देखि शिवशक्तीपुर कालोपत्रे वाटो निर्माण ।

४) पञ्चवजार देखि जनता नगरगर कालिका कालोपत्रे वाटो ।

५) पचासा देखि कण्ठपुर कालोपत्रे वाटो निर्माण ।

६)सोरहवा गाँउ देखि खैरेनी सम्म कालो पत्रे वाटो निर्माण ।

७)जमुनि सितापुरवजार देखि शान्तीपुर सम्म कालेपत्रे वाटो निर्माण ।

८) कालिका सभाहल निर्माण ।

९) विद्या ज्योति मा वि नमुना विद्यालय निर्माण कालिका ।

१०)यस पालिकाका सम्पूर्ण विद्यालयको शैक्षिक तथा निर्माणको स्तरउन्नती ।

११)खेल मैदान डाफे र भोलागौडी पार्कको निर्माण ।

१२) बढैयाताललाई प्रमुख गौरवको योजना अनुसार निरन्तरता।

१३) बोगटियाको शिव मन्दिर पुन निर्माण गरिने छ।

बढैयाताल गाँउपालिका

## नँया योजनाहरु

१.यस पालिकाको योजनावद्ध विकासका लागि यस पालिकाको सवै क्षेत्रका  ५० कि.मि. बढी सडकको यस वर्ष डि पि आर गरिएको छ। त्यसलाई क्रमिक रुपमा प्राथिमिकरणको आधार सडक निमार्ण कार्य अगाडी बढाउने छ।

२.मैनापोखर स्वास्थ्य चौकिमा १५ सैयाको अस्पताल बनाउन प्रकृया अगाडी वढी सकेको छ। आगामी आ.व.वाट कार्य प्रारम्भ गरिनेछ।

३.यस पालिकाको वडा नं. ९ मा रहेको साविक कपा विकास समितिको जग्गा नेपाल सरकारवाट औधोगिक ग्राम निमार्णका लागि औधोगिक ग्राम घोषण भै सकेको र यसैआ.व वाट प्रारम्भीक कार्यको थालनी गरिने छ।

४. कृषि , पशुपालन , महिला, दलित , जनजाति,सहिद परिवार, द्धन्द्ध पिडित, सुकुम्वासि, अपाङ्ग, युवा एकलमहिला , जेष्ठ नागरिक र विपन्न नागरिकको विकासका लागि विशेष योजना अगाडि वढाइने छ।

५.कोभिड १९ का दोस्रो भेरिएन्टको  प्रकोपवाट पालिका वस्तीलाई सुरक्षित वनाउन कोभिड १९ प्रकोप व्यवस्थापन कोषमा रकम विनियोजित गरि रकम खर्च गर्ने व्यवरुथा गरिने छ।आगामी आ.व. मा २ वटा एम्वुलेन्स खरिद गरिने छ।

६.यस बढैयाताल गाँउपालिकामा पालिका भित्रका सहकारीहरुको साझेदारीमा गोदाम को निर्माण गरिने छ।कृषि उत्पादनको भण्डारणमा सहयोग पर्‍याइने छ। साना खालका कोल्ड स्टोर निर्माणमा सघींय, प्रदेश सरकार संग लागत साझेदारीमा काम अगाडी वढाइने छ।

७. सोरहवा स्वास्थ्य केन्द्रलाई स्तरउन्नती  गरिने छ। साथै सवै स्वास्थ्य चौकि र आधारभुत स्वास्थ्य चौकिलाई ल्याव सहितको सुविधा सम्पन्न गरिने छ।

८.पचासा देखि वोगटिया सम्म कालो पत्रे वाटो निर्माणको लागि वजेट विनियोजन गरिने छ।

९. मैनापोखर देखि हल्लन चोक हुदै खैरेनि सम्म कालो पत्रे वाटो निर्माण गरिने छ ।

१०. सितलावजार देखि उत्तर जाने वाटो र स्यालिवजार वडा कार्यालय देखि उत्तर जाने वाटो कालो पत्रे वाटो निर्माण  गरिने छ ।

११. सतपतिया देखि सरस्वती मा.वि.को वाटोको सडक स्तरउन्नती गरिने छ ।

१२. प्रदेश सरकारको साझेदारीमा मैनापोखर वजार देखि शिवशक्तीपुर भन्सार हुदै जमुनि सितापुर वजार सम्म कालो पत्र वाटो निर्माण गरिने छ ।

१३. प्रदेश सरकार संगको  साझेदारीमा कालिकाको पञ्चवजार देखि जमुनिको मिर्किया पुल सम्म कालो पत्रे वाटो निर्माण गरिने छ ।

१४. प्रदेश सरकार संगको  साझेदारीमा ग्यांग नदि र मृकिया पुल नकाहा नदिको पुल निर्माण गरिने छ ।

१५. प्रदेश सरकार संगको  साझेदारीमा कालिका विद्धाआश्रम देखि पुर्व कालो पत्रे वाटो निर्माण गरिने छ ।

१६. ववई सिचाई  योजना संगको सहकार्यमा बढैयाताल गाँपालिका भरी सिचाई निर्माणको कार्य अगाडि वढाईने  छ ।

१७. गाँउपालिकाको भवन र वाकि रहेका वडा कार्यालयकहरुको भवन यस आ.व. मा निर्माण कार्य सुरु गरिने छ ।

१८. यस पालिकाको सडक सञ्जालको सडक गुरु योजना निर्माण गरी कार्य अन्तीम चरणमा रहेको त्यसलाई पूर्णता दिई योजनाबद्ध बिकास अगाडी बढाइने छ ।

१९. कोभिडका कारण धेरै मानिसहरु प्रभावित भएको रोजगारी समेत गुमेको कारण त्यस्ता युवाहरुले सामुहिक रुपमा लिजमा जग्गा लिएर व्यवसायीक कृषि ागर्न चाहेमा यस पालिकाले उन्नत विउ, मलखाद र कृषि सामाग्री अनुदानमा उपलब्ध गराउने छ ।

बढैयाताल गाँउपालिका

२०. उज्यालो बढैयाताल अभियानको थालनी गरी सवै वडाहरुमा सडक वत्तिको व्यवस्था गरिने छ।

२१. बढैयाताल गाँउपालिका माछा खेतीको राम्रो सम्भावना रहेकाले वडा नं ३ मा माछा विकास केन्द्रको स्थापना गरी माछा खेतीको विकासका लागि अध्ययन अनुसन्धानको विकास अगि बढाइने छ।

२२. वर्षयाममा सडक विग्रने र तत्काल काम गर्न कठिनाई पर्ने हुदा सडक मर्मत कार्य स्थापना गरी त्यसवाट सडक मर्मतको व्यवस्था मिलाइने छ।

२३. यस पालिकाको एकमात्र वडा नं. ८ र ९ को सामुदायिक वनक्षेत्रमा रहेको ल्यान्डफिल्ड साइडलाई व्यवस्थीत  र सुरक्षित वनाउन वजेत व्यवस्थापन गरी कार्य प्रारम्भ गरिने छ।

२४.  यस पालिकामा रहेका वर्थिगं सेनटर, खोपकेन्द्रको पालिका र साझेदारी सस्था संग मिलेर भौति अवस्था सुधार गरिने छ।

२५. उत्पादनमा अनुदान दिने कार्यलाई थप व्यवस्थति गरी सहकारीहरु मार्फत कार्य संचालन गरिने छ।

२६. हिंसामा परेका महिला वालवालिकाका लागि तत्काल उद्धार संरक्षणका लागि उपयुक्त स्थानमा सेफ हाउस सञ्चालन गरिने छ।

२७. विपदको वेला मानिसहरुलाई आश्रयका लागि वडा नं. ३ र ४ मा हेल्टर हाउस निर्माणका लागि साझेदारी गरी अगाडि बढाइने छ।

२८. पूर्ण सरसफाई कार्यक्रम र टोल विकासमा टोलकै मानिसहरुलाई परिचालनका लागि टोल सरसफाई तथा सुधार समिति गठन  परिचालनको लागि निरन्तरता दिइने छ।

२९. विभिन्न लक्षित वर्गका कार्यक्रमहरु यस आ.व. देखी वडा वाटै सञ्चालन गर्ने गरी वजेट व्यवस्थापन गरिने छ।

बढैयाताल गाँउपालिका

३०. महिला , वालवालिका , दलित , जनजाति, पछाडि परेका वर्गको उत्थान र सामाजिक समावेशकिरण र मूलप्रवाहीकरणका लागि वनेका नितिगत व्यवस्थालाई कडाइका साथ लागु गरिने छ ।

३१. युवा, वालवालिका , महिला , जेष्ठ नागरीक, दलित, जनजाति, कृषकहरुका पालिका स्तरीय , वडा स्तरीय सञ्जाल तयार गरी वजेट निर्माण र कार्यान्वयनमा सवैको पूर्ण सहभागिता र अपनत्वकोविकास गराइने छ।

३२. आन्तरकि खर्चलाई नियन्त्रण, सुशासन र पारदर्शितामा जोड, पदाधिकारी , कर्मचारी आचार सहिंताको निर्माण र पालनामा जोड दिइने छ ।

## राजस्व परिचालन एवं श्रोत अभिवृद्धि सम्बन्धी नीतिहरु

व्यवसायलाई कर बढाउने भन्दा पनि करको दायरा बढाउँदै व्यवसायीहरुलाई कर तिर्न प्रोत्साहित गर्ने निती सहित सरकारी, निजि, साझेदारिमा कर जागरण कार्यक्रम सञ्चालन गर्ने । तथा राजश्व संकलन कार्यलाई अझै व्यवस्थित गरी हालकै वडा कार्यालयहरुबाट कर, शुल्क दस्तुर असुल गर्ने व्यवस्था मिलाईने छ ।

**१.** वार्षिक पेशा व्यवसाय करका श्रेणी तथा दर वमोजिम करदाता पहिचान गर्ने, लगत राख्ने गाउँपालिका द्वारा तोकिएको दरका आधारमा पेशा व्यवसायका करदाता प्रष्ट्याई श्रेणी निर्धारण गरी कर अशुली व्यवस्थापनलाई सहज र थप प्रभावकारी बनाउन प्रतिनिधिमूलक संघ-संस्थाहरुको सहकार्यमा कार्यक्रमहरु सञ्चालन गर्दै लगिने छ ।

**२.** वार्षिक पेशा व्यवसाय कर र घर बहाल कर असुली कार्यलाई थप प्रभावकारी वनाउन वडा समिति र टोल विकास संस्थाहरु गठन गरि सचेतनामुलक कार्यक्रम गर्ने र जिम्मेवार वनाउने नीति सहितको कार्यबिधि पारित गरि लागु गरिने छ ।

**३.** अपाङ्गता भएका ब्यक्तीहरु बाट सञ्चालित उद्धोग, स्थानीय कच्चा पदार्थमा आधारीत र रोजगारी सृजना हुने उद्धोगमा नियम अनुसार कर छुटको ब्यवस्था गरिनेछ ।

४. गाउँ सभाद्वारा तोकिएको कर समयमै कर भुक्तान गर्न सूचना प्रवाह गर्ने कार्यको थालनी गरिने छ । कर, शुल्क, दस्तुर असुली कार्यलाई व्यवस्थित गर्न उपयुक्त संयन्त्र निर्माण गरी प्राथमिकताका साथ अगाडि बढाई बक्यौता न्यून गराउने प्रयास गरिनेछ ।

५. आन्तरिक राजश्व, वाणिज्य, घरेलु तथा साना उद्योग कार्यालय जस्ता कार्यालयमा दर्ता भई व्यवसाय गरी आएका ब्यवसायीहरु लाई गाँउपालिकामा शुल्क लिइ पालिकामा दर्ता प्रक्रियामा आउन सूचना जारी गरि ब्यवसायीहरुको पृथक पृथक लगत कायम गरिनेछ ।

६. बढैयाताल गाउँपालिका क्षेत्र भित्रका कुनै व्यक्ति वा संघ संस्थाले भवन, जग्गा, गोदाम सेड आदि आंशिक वा पुरै वहालमा लगाएका धनीसंग निजले बहालमा लगाएको बहाल अंक रकमकोसम्बन्धित धनि संग कानून बमोजिमको वहाल कर लिइनेछ ।

७. पेशा व्यावसायकर, घर बहालकर, मनोरञ्जन करहरुलाई पारदर्शि र प्रभावकरी वनाउन आवश्यकता अनुसार कार्यविधि निर्देशिका वनाई व्यवस्थित गरिनेछ । साथै केबुल संचालक र डिसहोम बिक्रेता डिलरहरुसंग समन्वय गरी प्रत्येक केबुल संचालकबाट ग्राहक संख्याको आधारमा मासिक रुपमा मनोरञ्जन कर लिने व्यवस्था मिलाईनेछ ।

८. कानून बमोजिम गठित कम्पनी, उद्योग प्रतिष्ठान वा औद्योगिक संस्थाहरुसंग कानून बमोजिमको कर र बक्यौता असुलीलाई प्रभावकारी बनाईनेछ ।श्रोतपरिचालन र व्यवस्थापनमा गाउँपालिकालाई सक्षम र आत्मनिर्भर बनाउन, प्रचलित कानून बमोजिम लगाउन सकिने राजश्वका सबै श्रोतहरुको वस्तुफरक पहिचान, विश्लेषण, प्रक्षेपण गरि प्रगतिशिल र न्यायपूर्ण बनाई कर बृद्धि तफ भन्दा दायरा बृद्धि तर्फ बिशेष जोड दिइनेछ । साथै हालको कर शुल्क संकलन कार्यलाई अझ थप प्रभावकारी बनाई सबै करदाताहरुको सहभागितामा राजश्व अभिबृद्धिगरी कुल बजेटमा आन्तरिक आम्दानीको अंश बृद्धि गरिदै लगिनेछ ।

९. राजश्व संकलन कार्यलाई थप प्रभावकारी वनाउन गाउँवासीहरुलाई सेवा सुविधा उपलब्ध गराउदा सेवाग्राहिले भुक्तान गर्नुपर्ने कुनै कर शुल्क दस्तुर फच्छ्यौटको आधारमा सेवा सुविधा उपलब्ध गराउने नीति लिइनेछ । त्यसका लागि वडा कार्यालयहरुलाई राजश्व प्रशासन शाखासंग समन्वयको व्यवस्था सुदृढ गरिनेछ ।

१०. वित्तीय श्रोत परिचालन र व्यवस्थापनमा निजी क्षेत्र र नागरिक समाजको सहभागिता र सहकार्यलाई बढाउदैं लगिनेछ । सम्पूर्ण करदातालाई स्वःस्फुर्त रुपमा करको दायरामा ल्याई आफूले तिरेको करको उचित उपयोग भएको छ भन्ने अनुभूति दिलाउन बढैयाताल गाउँपालिकाको आर्थिक कारोवार सूचनापाटी, वेभसाईटमा मासिक/चौमासिक/बार्षिक रुपमा प्रकाशन गरिनेछ। गाउँपालिकालाई नियमित र बढी कर तिर्ने करदातालाई सम्मान गर्ने परम्पराको सुरुवात गरिनेछ।

११. बढैयाताल गाउँपालिकाको विकास निर्माण तथा सेवा सुविधा प्रवाह गर्न आवश्यक पर्ने वित्तीय श्रोतको कमिलाई पूर्ति गर्न नेपाल सरकार, दातृ निकाय तथा संघ-संस्था र निजी क्षेत्र एवं नागरिक समाज लगायत सबै सम्भाव्य आन्तरिक एवं बाह्य क्षेत्रका निकायसंग समन्वयगरी श्रोतको अधिकतम परिचालन गरि कुल बजेटको अंक बृद्धि गर्न बिशेष जोड दिइनेछ ।

१२. बढैयाताल गाउँपालिकाको स्वामित्व वा भोगाधिकार रहेको र गाउँपालिकाले संरक्षण र परिचालन गर्नसक्ने भवन जग्गा जमिन, हाटबजार ताल तलैया तथा अन्य भौतिक सम्पत्तिको अभिलेख अध्यावधिक गरी राजश्व आम्दानी गर्ने माध्यमको रुपमा परिचालन गरिनेछ । यस्ता श्रोतको परिचालन गर्दा प्रतिस्पर्धात्मक पद्धतिको अवलम्बन गर्न जोड दिइनेछ ।

१३. श्रोत परिचालनमा निजी क्षेत्रको सहभागितालाई प्रबर्द्धन गर्न पि.पि.पि.(पब्लिक प्रोजेक्ट पाटनरसिप)अवधारणामा आधारित कार्यक्रममा प्रतिस्पर्धात्मक पद्धतिको समेत अवलम्बन गरिनेछ ।

१४. गाउँपालिकामा व्यवसाय दर्ता नभएको तर अन्य सम्बन्धित कार्यालयमा पेशा व्यवसाय दर्ता गराई कारोवार संचालन गरेको अवस्थामा पसल वन्द रहेको वा कारोबार नै संचालन नगरेको भनी सिफारिस माग गर्न आउनेको हकमा वडा समितिबाट कारोवार संचालन नभएको भनि सिफारिस भई आएकालाई कम्तिमा १ (एक) वर्षको व्यवसायकर लिएर मात्र सिफारिस गरिनेछ।

१५. विशेष परिस्थितिमा उल्लेखित कर/शुल्क/दस्तुर आदिका दायरा र दरहरुमा कार्यान्वयनको समयमा समस्या पर्न आएमा आगामी गाउँसभाबाट अनुमोदन गराउने गरी गाउँकार्यपालिकाबाट कर/शुल्क/दस्तुर आदिका दयरा र दरहरुमा आवश्यकता वमोजिम हेरफेर गर्न सकिनेछ ।

बढैयाताल गाउँपालिका

**१६.** गाउँपालिकाले प्रत्येक घर, व्यवसायिक भवन, विद्यालय, रेष्टुरेन्ट, होटल, थोक व्यापारी, फलफूल तथा तरकारी व्यवसायी र अन्य फोहरमैला उत्पादन र उत्सर्जन गर्नेबाट तोकिए बमोजिमको फोहर मैला ब्यवस्थापन शुल्क लिने बिषयमा सरोकारवाला संग ब्यापक छलफल गरि थप सरसफाई शुल्क लिने ब्यवस्था गरिनेछ ।

**१७.** बढैयाताल गाउँपालिका गाउँसभाका सम्पूर्ण जनप्रतिनिधिहरु र कार्यरत कर्मचारीको आफ्नो घर जग्गा वहालमा दिएको भए वहालकर, व्यवसाय गरेको भए व्यवसाय कर तथा अन्य दायित्व भए समयमै बुझाउन अनिवार्य गरिनेछ। साथै वहालमा बस्ने कर्मचारीहरुले आफू बसेको घरधनिलाई बहालकर र व्यवसायकर बुझाउन पहलगर्न लगाइनेछ ।

**१८.** गाँउसभाबाट पारित आर्थिक ऐनमा ब्यवस्था गरिने कर तथा राजस्वको दायरा र दरका बिषयमा सरोकार वालासंग छलफलका साथै कर दाता शिक्षा जस्ता कार्यक्रम संचालनका लागि राजस्व परामर्श समिति र राजस्व शाखाको शाखाका लागि छुटै बजेटको ब्यवस्था गरिने छ ।

**१९.** यस पालिकामा लागनीको संभाब्यता लाई अध्ययन गरि स्थानीय उद्धोग बाणिज्यको सहयोगमा गाउँपालिकामा उद्धोग, प्रर्यटन, उत्पादन, का क्षेत्रमा लागानि बढाउनका लागि लागानि सम्मेलनको आयोजना गरि स्थानिय रुपमा रोजगारिको सृजना र उत्पादन मुलक उद्धोग स्थापनका लागि अनुकुल वातावरणका लागि पहल गरिने निती अबलम्बन गरिनेछ ।

**२०.** यस पालिका भित्रका सार्वजनिक स्थानमा राखिएका व्यवसायिक होर्डिङ्ग वोर्डहरुलाई करको दायरामा ल्याईने छ ।

२१. व्यवसाय दर्ता गरी सञ्चालन नभएका व्यवसायिहरुले सो वयवसाय वन्द गर्न चाहेमा व्यवसाय सञ्चालन देखी हालसम्म व्यवसायन नगरेको वडाको सिफारिस ल्याएमा १ वर्षको लाग्ने दस्तुर तिरी वन्द गर्न कार्यपालिकाले निर्देशन दिने व्यवस्था मिलाइएको छ ।

२२. हाडिङ वोर्ड लगायत विज्ञापन क्षेत्रको कर, निकासी कर , घरभाडा कर जस्ता कर असुलि हुन नसकेकोले यी करलाई यस आ.व. मा सङ्कलन गरिने छ ।

२३. गत विगतको वाकी कर चुक्ता गर्ने म्याद २०७७ चैत्र मसान्त सम्म दिइएको छुटको म्याद सकिएको अव देखी तोकिएकै दररेटमा अमुल उपर गरिने छ ।

सभाका सदस्य ज्यूहरु

## आर्थिक विकाससम्बन्धी नीतिहरु

**२४.** गाउँपालिका क्षेत्रका कृषि योग्य सम्भावित स्थानहरुको पहिचान गरी एक वडा एक कृषि नमूना व्यवसायिक खेतिका लागि प्रत्येक वडामा कृषि प्राबिधिकका साथै कृषि सेवा केन्द्र, कृषि पाठशालाको स्थापना गरि निशुल्क माटो परिक्षण गरि सिफारीस अनुरुपको बिउ बालि रोपि कृषि उत्पादनलाई जोड दिईने छ । स्थानीय क्षेत्रमा गठन भएका सहकारी संस्थाहरुको क्षमता विकास गर्नुको साथै कृषीमा सहकारी संगको साझेदारी सहकार्यमा जोड दिइनेछ । ति सहकारी मार्फत अर्गानिक खेती गर्न जमिन लिजमा लिइ वा चक्लाबन्दी गरि कुनै फर्म, ब्यक्ती, समुह र सहकारिले व्यवसायिक कृषी गरेमा अनुदानको ब्यवस्था गरिने । करार खेती र चक्ला बन्दी गरि उत्पादन बृद्धीका लागि विभिन्न निकाय संग समन्वय गरि यान्त्रिककरणमा जोड दिइनेछ ।

**२५.** हरियालीमा, सुन्दरतामा, जनताको स्वस्थमा र आयमा जोड दिन कम्तिमा १ घर ५ फलफुल विरुवा रोप्नै पर्ने व्यवस्था मिलाईने छ। यसलाई अभियानकै रुपमा लैजान वडा स्थरमा टोल विकास समिति मार्फत अभियान थालनी गरिनेछ । कृषि शाखा मार्फत ५० % अनुदानमा मागको आधारमा विरुवा उत्पादन गराइने छ ।

**२६.** रासायनिक मल को प्रयोगलाई निरुत्साहित गर्न र प्राङ्गारिक मलको प्रयोगलाई जोडदिन प्राङ्गारिक मल बनाउने तालिमको व्यवस्था गरिने छ र व्यवसायिक प्राङ्गारिक मल उत्पादन गर्ने उद्धोग स्थापना गर्न वातावरण तयार गर्ने र ब्यक्ती, समुह लाई अनुदानको व्यवस्था गरिने छ । यस खालको सिप ज्ञान दिन तालिमको व्यवस्था गरिने छ ।

**२७.** कृषि उत्पादनलाई स्थानिय बजारिकरण गर्न प्रत्येक वडामा हाटबजार संचालन गर्ने । अन्य क्षेत्रबाट विषेशत भारत बाट आउने तरकारी पुर्णरुपमा निरउत्साहीत गर्न , त्यस्ता हाडबजारको ब्यवस्थापनमा सहयोग गर्ने र दैनिक रुपमा हाडबजार सञ्चालन गर्ने गरि आबस्यक ब्यवस्था गरिनेछ ।

**२८.** यस पालिकाबाट उत्पादित तरकारी लगाएत, कृषी उत्पादनको प्रभावकारी बजारीकरणकालागि पालिका स्थरीय, कृषी उत्पादन बजारीकरण समिती बनाइ, ब्यक्ती,

फर्म, समुह र सहकारी मार्फत बजारीकरणका आवश्यक साधन खरिदका लागि अनुदानको व्यवस्था गरिने छ ।

२९. कृषी उत्पादनलाई मुल्यबृद्धी गरि कृषलाइ लाभ पुर्याउनका लागि  स्थानिय सहकारी, समुह, ब्यक्ती मार्फत कृषि उत्पादनलाई संकलन, ग्रेडिङ, प्याकेजिङ र प्रशोधन गरि वजारीकरण गर्दै जाने निति लिईने छ ।

३०. बबई सिचाई योजनालाई प्रभावकारी रुपमा सबै ठाउँमा सहज रुपले सेवा पुऱ्याउनको लागि आवश्यक पहल गरिने छ । बबई सिचाई योजनाका साथै साना सिचाई तथा डिप ट्यूवेल जडान कार्यमा बिशेष जोड दिईने छ ।

३१. पशु खोप कार्यक्रम, पशु गोठ सुधार व्यवस्थापन, पशु आहारा जस्ता कार्यक्रम संचालन गरिनेछ। पशुपालक कृषकलाई केही अनुदानको व्यवस्था मिलाई दुग्ध उत्पादनमा बिशेष जोड दिई दुग्ध उद्योग स्थापनाका लागि प्रोत्साहन कार्यक्रम ल्याईनेछ साथै अनुभव आदान प्रदानका लागि बिभिन्न किसिमका तालिम तथा भ्रमणको व्यवस्था मिलाईने छ ।

३२. दुग्ध व्यवसायलाई प्रोत्साहन गर्न सरकारी निजी सहकारी अवधारणा अनुसार डेरी उधोगको स्थापना तथा संचालन गर्ने नीति लिईने छ । निजी क्षेत्र संगको सहकार्यमा पशु बधशाला संचालन तथा व्यवस्थापनमा अनुदानको ब्यवस्था गरिने छ । हाल संचालित मासु पसलको नियमित अनुगमन र नियमनलाई प्रभावकारी बनाइनेछ ।

३३. सार्वजनिक जग्गा तथा नदी किनारमा कृषि र फलफुल तरकारी खेती गर्न प्रोत्साहित गर्ने नीति लिइसमुह, किसान तथा सहकारीलाई अनुदानको ब्यवस्था गरिनेछ ।. उद्योग बजार, रोजगारी प्रबर्द्धन स्वरोजगारिता र सीप विकास प्रवर्द्धनका साथै विपन्न वर्गका युवाहरुलाई प्राविधिक शिक्षालयबाट तालिम दिने व्यवस्था मिलाइनेछ ।

३४. बढैयाताल गाउँपालिका क्षेत्रभित्र स्थापित उद्योगहरुलाई अधिकतम क्षमतामा संचालन गर्नका लागि अनुकुल वातावरण निर्माण गरी गाउँपालिकामा प्रस्तावित औधोगिक ग्रामको निर्माण कार्य अगाडि वढाइने छ ।

बढैयाताल गाउँपालिका

**३५.** स्थानिय कला, संस्कृती, परम्परा, ऐतिहासिक, पुरातात्विक स्थलको संरक्षण, सम्बर्द्धन र प्रचार प्रसार गर्ने, आन्तरिक पर्यटनको विकास गर्ने र आर्थिक गतिविधि सञ्चालन गर्ने नीति लिईने छ । यस गाउँपालिकाको सुन्दर पर्यटकिय गन्तव्यको रुपमा रहेको बढैयातालको बृहत गुरु योजना अनुसार पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ । पर्यटन संग सम्बन्धित कार्यालय, संघ संस्था संग समन्वयात्मक रुपमा कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ । निजि क्षेत्रको सहभागिताका लागि अनुकुल वातावरण सृजना गरिने छ ।

**३६.** सहकारी मार्फत कृषिजन्य उत्पादनको खरिद विक्री प्रकृयालाई सरलिकरण गरिनेछ । सहकारीलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न लगाई रोजगारीका अवसरहरु सृजना गर्न प्रेरित गरिनेछ ।. युवा स्वरोजगार, लघुवित्त, सामुहिक कर्जा, र बैदैशिक कर्जा क्षेत्रमा वित्तीय क्षेत्रलाई लगानी गर्न अनुकुल वातावरको श्रृजना गर्ने नीति लिइनेछ ।

**३७.** गाउँपालिकाका युवा वर्गलाई सीपमुलक तालिम दिई स्वरोजगारिताको सृजना गरिनेछ । स्थानीय श्रोत साधनको अधिकतम प्रयोगगरी स्थानीय गाँउवासीले रोजगारी पाउने खालका योजना तथा कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

**३८.** गाउँपालिकाका विभिन्न स्थानमा होम स्टे सञ्चालन गर्नेलाई प्रोत्साहित गर्ने नीति लिइनेछ । यस्ता होम स्टेहरुलाई स्थानीय कला, संस्कृतीको विकास, संरक्षण, सम्बरधनमा प्रोत्साहित गर्ने, परम्परागत खाद्द परिकारको बजारिकरण गर्ने, आन्तरीक पर्यटनलाई मर्यादित बनाउँदै रोजगारिका अबसरहरु सृजना गरिनेछ । कृषि तथा पशुपंक्षी पालनलाई व्यवसायिक बनाउन व्यवसायिक कृषि तथा पशुपंक्षी पालकलाई सहज र सरल रुपमा पूँजी व्यवस्थापनका लागि वित्तीय क्षेत्रसँग समन्वय गरी व्याजमा अनुदान सहुलियत र पशु बिमामा अनुदान दिने व्यवस्था गरिनेछ ।

**३९.** हाल सम्म व्यवसायिक रुपमा माछा उत्पादन गरि रहेका कृषकलाई थप उत्पादन बृद्धिका लागि आवश्यक तालिम दिई, प्राबिधिक सहयोगका साथैनया पोखरी निर्माण र

मर्मतका लागि अनुदानको व्यवस्था गरि माछा पालन व्यवसाय कृषकलाइ अझ बढि आर्कषित गरिने छ ।

४०. सामुदायिक वन, सार्वजनिक वन, सार्वजनिक जग्गा, नदि किनारामा तरुल खेती, फलफुल खेती, बगर खेती, जडीबुडी खेती, गर्नेलाइ प्रोत्साहीत गरिनेछ । निजी वन वनाउन प्रोत्साहीत गरिनेछ । नदीले छाडेको, सरकारी पर्ति जग्गामा वृक्षारोपन गरिने छ ।

४१. कोरोना भाइरसका कारण रोजगारि बाट विस्तापीत भइ आएका यस पालिकाका युवाहरुलाइ पालिकामै बसी कृषी पेशा अवलम्बनका लागि "बढैयाका युवा कृषी पेशामा" भन्ने मुल नाराका साथ प्रत्यक वडामा कम्तीमा एक समुह निर्माण गरि आबस्यक ज्ञान, शिप उपलब्द्ध गराइ, सहकारी एवम् विधिय संस्था बाट सहुलीय ऋण प्राप्तीका लागि सहजीकरण गरि कृषी पेशामा संगल्गन हुने त्यसता युवका समुहलाइ पालिकाले विशेष सहयोग, अनुदान, प्राविधीक सेवा, पुर्याउने निती अंगीकार गर्नेछ ।

**४२.** युवाहरुलाइ कृषी पेशामा आर्कषण गर्न वितिय संस्थाहरुसंग आबस्यक सहजिकरण गरि दश लाख सम्मको रिण प्राप्तीमा सहजिकरण गर्ने र त्यस्तो ऋणको विमा गरिदिइनेछ ।

**४३.** पशुपालन व्यवसायलाइ व्यवसायीक बनाउन पशु विमा कार्यक्रम सञ्चालन गरिने, व्यवसायीक बाखा पालन समुहलाइ उन्नत जातको बोका अनुदान कार्यक्रम मिलाइने छ ।

बढैयाताल गाउँपालिका

४४. स्थानिय सहकारी मार्फत तरकारी, मासु, अंडा, दुधको उत्पादन र बिक्रीको अभिलेख राखी, सोही आधारमा कृषकहरुलाइ प्रोत्साहनको कार्यक्रमको ब्यवस्थापन गरि, उत्कृष्ट कृषकको छनोट गरि पुरस्कृत गरिनेछ।

**४५.** पालिकाले संचालन गरि आएका विभिन्न सिप मुलक तालिममा भाग लिएका व्यक्तिहर कति उक्त सिपवाट स्वरोजगार भए नभएको तथ्याङ्क संकलन गरिने छ। त्यस्ता व्यक्तिहरुले चाहेमा थप तालिम दिने र स्वरोजगार व्यक्तिलाई विशेष सहुलियत दिने व्यवस्था मिलाउने छ।

सभाकासदस्य ज्यूहरु

## सामाजिक विकासका सम्बन्धी नीतिहरु

**४६.** संस्थागत र सामुदायिक विद्यालयको विचमा शैक्षिक स्तरमा एकरुपताका लागि अनुभव आदान प्रदान कार्यक्रम संचालन गरिनेछन्। सामुदायिक विद्यालयको पूर्वाधार निर्माणमा सहयोग र शैक्षिक गुणस्तर कायम गर्न सरोकारवालाहरुको बिचमा शैक्षिक अन्तरक्रिया गरिने छ। शिक्षाको सहज पहुँच बढाउन विपन्न विद्यार्थी छात्रवृत्ति कार्यक्रम संचालन गरिने छ। शिक्षाको गुणस्तर बृद्धिका लागि क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिने छ। गुणस्तर शिक्षा प्रदान गर्ने बिद्यालयलाई पुरुस्कृत तथा गुणस्तर कमजोर भएका बिद्यालयलाई प्रोत्साहनका लागि विशेषज्ञ सहितको शैक्षिक गुणस्तर अनुगमन संयन्त्र गठन गरि नियमित अनुगमनको व्यवस्था गरिनेछ।

**४७.** माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क तथा अनिर्वाय गरिने छ। विद्यालयहरुको नक्सांकन गरी राष्ट्रिय मापदण्ड अनुरुपको दुरी भित्र आधारभूत तथा माध्यमिक विद्यालयहरुको व्यवस्थापन गरिनेछ भने मापदण्ड नपुग भएका बिद्यालयहरु नजिक र

पायक पर्ने बिद्यालय संग मर्ज गर्ने निति लिईने छसाथै शिक्षाको पहुँच भन्दा बाहिर रहेका बालवालिकाहरुलाई पहुँच भित्र ल्याउने कार्यक्रम संचालन गरिने छ ।

**४८.** सामुदायिक विद्यालयलाई गरिने पूर्वाधार सहयोग आवस्यकताका आधारमा निरन्तरता दिई अपाङ्गमैत्री र लैङ्गिक मैत्री भौतिक निर्माणलाई प्राथमिकता दिइनेछ ।

**४९.** सामुदायिक विद्यालयको शैक्षिक सुधारका लागि आवश्यकता महसुस गर्ने गरि विद्यालयलाई निशूल्क वितरण गरिने थप पाठ्यपुस्तकमा विद्यालयले लागु गरिने पाठ्यपुस्तकको नपुग रकम गाउँपालिका वाट निसर्त उपलब्ध गराईने छ ।

**५०.** शिक्षा सम्वन्धि रकम विनियोजन गर्दा निसर्त दिईने रकम विद्यार्थी संख्या, शिक्षक दरवन्दी आदिका मापदण्डको आधारमा वितरण गरिने छ ।

**५१.** सबै बिद्यालयहरुमा अतिरिक्त क्रियाकलाप संचालनका लागि एक जना शिक्षकलाई बिशेष जिम्मेवारी दिने ब्यवस्था मिलाईने छ भने शिक्षालाई प्रबिधि संग जोडनका लागि सबै बिद्यालयमा कम्प्युटर शिक्षा संचालनका लागि क्रमश कम्प्युटर शिक्षकको व्यवस्था गरिने छ । कम्तीमा एक वटा गाँउपालिका स्तरबाट र एक वटा प्रदेश स्तरबाट नमूना बिद्यालय बनाउन पहल गरिने छ ।

**५२.** प्रत्येक मा.वि. विद्यालयमा विज्ञान प्रयोगशाला निमार्णको व्यवस्था मिलाइने छ साथै प्रत्यक विद्यालयमा इ हाजिरी सफट्वेरको जडानको व्यवस्था गरिने छ ।

**५३.** राष्ट्रिय प्रारारम्भिक कक्ष पढाई सबै विद्यालयका कक्षा ३ सम्मको नेपाली भाषामा पठ्न स्तर बृद्धिका लागि गरिने कार्यक्रमलाई निरन्तरता दिईने छ ।

**५४.** बढैयाताल गाँउपालिका अन्तरगत रहेको एकमात्र उच्च शिक्षा प्रदान गर्ने बहुमुखि क्याम्पसको समग्र विकासका लागि अन्य निकाय संगको सहकार्यमा ठोस योजना बनाई कार्यान्वयनमा ल्याईने छ । एम.ए सम्मको पढाइको शुरुवातको लागि आवश्यक योजना वनाएर लागु गरिने छ ।

**५५.** आवश्यकता र औचित्यताको आधारमा विद्यालयका कक्षा थप तथा विद्यालय गाभ्ने निति अवलम्बन गरिने छ ।

**५६.** बिद्यालयमा शिक्षकको उपस्थित लाई नियमन गर्न ई.हाजिरी जडान गर्ने ब्यवस्था मिलाईने छ भने जेहन्दार बिद्यार्थीलाई छात्रवृतिको ब्यवस्थागरि प्रत्यक बर्ष SEE मा उत्कृष्ट नतिजा ल्याउने संस्थागत र सामुदायिक बिद्यालयलाई गाँउपालिका अध्यक्ष बिद्या शिल्डद्धारा सम्मान गर्ने निति लिईने छ ।

**५७.** डिजिटल स्कुल निग्रानीको माध्यमबाट विधालयहरुको अनुगमन, समन्वय, सहजिकरणका लागि कार्य थालनी गरिनेछ ।

**५८.** गाउँपालिका भित्रका विद्यालयहरुवाट उत्कृष्ट अंक ल्याउने छात्र २ र छात्रा २ गरि जम्मा ४ जना विद्यार्थीहरुलाई ११ र १२ कक्षा सम्म निशुल्क अध्ययन गर्ने व्यवस्था मिलाईने छ ।

**५९.** कोरोना भाइरस लागाएतका संकमणबाट समुदायलाइ सुरक्षीत राख्नकालागि स्वास्थ्य चौकीहरु, प्राथमीक स्वास्थ्य केन्द्र र आर्युवेद स्वास्थ्य केन्द्रलाइ स्रोत साधन सम्पन्न बनाउदै निशुल्क आधारभुत स्वास्थ्य सेवा विस्तार गर्दै लगिनेछ । समुदायको व्यक्तिहरुको स्वास्थ्यलाई ध्यान दिदै स्वास्थ्य विमालाई प्रभाकारी ढङ्गले संचालन गरिने छ । स्वास्थ्य केन्द्रमा कार्यरत कर्मचारीहरुलाई समयानुकुल सेवा सुविधा प्रदान गरिनेछ ।

**६०.** प्रत्येक विद्यालयहरुमा स्वास्थ्य कर्मिहरुबाट स्वास्थ्य परिक्षण, स्वास्थ्य शिक्षाको कक्षा सञ्चालन  गरिने छ साथै थारु जातिमा मात्रै देखिएको सिकल सेल रोग लागेका व्यक्तिहरु पहिचान गरि आवश्यक स्वास्थ्य सिविर संचालन गरिने र सचेतना कार्यक्रम संचालन गरिने छ ।

**६१.** गाउँपालिकामा क्रियाशील सवै महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचय पत्र उपलव्ध गराइनेछ । महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन स्वरुप, मासिक सञ्चार तथा यातायात सहयोग कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

बैजनाथ गाँउपालिका

६२. हाल संचालित गाँउघर क्लीनिक र खोप केन्द्रलाई व्यवस्थित गरि बाल एवं मातृ मृत्युदर घटाउन, पूर्ण खोपलाई निरन्तता दिन खोप कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिनेछ । आवश्यकता अनुसार खोप केन्द्र र प्रसुति गृह विस्तार गरिनेछ ।

६३. निजी स्वास्थ्य सस्थाहरुको प्रभावकारी अनुगमन र नियमन गरिनेछ । अवैध रुपमा संचालित स्वास्थ्य संस्थाहरु बन्द गराइनेछ ।

६४. प्राथमिक स्वास्थय केन्द्रलाई स्तरउन्नती गरि अत्याधुनिक अस्पतालको रुपमा क्रमश विकास गर्दै लगिने छ ।

६५. सबै स्वास्थ्य संस्थाहरुमा आवस्यक उपकरण सहितको स्वास्थ्य प्रयोगशाला संचालनमा ल्याईने छ भने साबिकका सबै स्वास्थ्य संस्थाहरुमा क्रमश एक एक एम्बुलेन्स व्यवस्थाका लागि पहल गरिने छ ।

६६. सबै गाउँपालिकावासीहरु स्वस्थ्य रहने वातावरण सिर्जना गर्न  स्वास्थ्य संस्था मार्फत सम्पुर्ण पालिकाबासीहरुलाई सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ । ८० बर्ष उमेर पुगेका जेष्ठ नागरिक, अशक्त अपाङ्गता भएका ब्यक्तीहरुलाइ, घरदैलोमा सेवा पुर्याउन स्वास्थ्यकर्मीहरु बाट महिनाको दुई पटक घरमै पुगी स्वास्थ्य चेकजाँचको ब्यवस्था मिलाइने छ ।

६७. स्वच्छ खानेपानीमा वडाबासीको पहुच बृद्धिका लागि हाल संचालनमा रहेका ओबर हेडटंकीको शिघ्र निर्माणमा जोड दिदै अन्य आवश्यक स्थानमा थप टंकी निर्माण आयोजना संचालनका लागि पहल गरिने भने तत्कालका लागि अतिआवश्यक स्थानमा हेण्ड पम्प जडान गरि स्वच्छ खानेपानीमा पहुच बृद्धि गर्नको लागि पानि परिक्षणको व्यवस्था गरिनेछ ।

६८. महिला नेतृत्व विकास र सशक्तिकरणका लागि क्षमता विकास कार्यक्रम, एकल महिलाहरुको हित प्रवर्द्धन गर्ने, सीप विकास र आय आर्जन गर्ने कार्यक्रम संचालन गर्न प्राथमिकता दिइनेछ । महिलाहरु मिलेर गर्ने ब्वसायलाई आबस्यक सहयोग गरिनेछ ।

६९. महिला बालबालिका तथा अन्य लक्षित वर्गलाई प्रत्यक्ष फाइदा पुग्ने खालका आयोजनाहरुलाई  प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ ।

७०. सामाजिक कुरीतिको रुपमा रहेको वालविवाह, वहुविवाह, रुढीवाद, अन्ध विश्वास एवं भ्रमहरु हटाउन सामाजिक परिचालनका कार्यक्रम मार्फत् सचेतीकरण गरिनेछ ।

७१. सामाजिक परिचालन, समावेशी र मूल प्रवाहीकरणमा जोड दिइनेछ । विकास आयोजनाको सञ्चालनमा महिलालाई अनिवार्य सहभागी गराउने नीति लिइनेछ ।

७२. गाउँपालिका भित्र स्थानीय स्तरमा समेत समन्वय गरी आवश्यक र उपयुक्त ठाऊमा व्यवस्थापन गरी अपाङ्गमैत्री तथा लैङ्गिक मैत्री सार्वजनिक शौचालय निर्माण गरी/गराई सञ्चालनमा ल्याइनेछ ।

७३. पूर्वाधार निर्माण गर्दा महिला मैत्री, वाल मैत्री तथा अपाङ्गमैत्री पूर्वाधार निर्माण गर्ने नीति लिइनेछ वालश्रमलाई निषेध गरिनेछ । गाउँपालिकालाई वालमैत्री, वालश्रम रहित गाउँपालिका घोषणाको अवस्थामा पुर्‍याउन कार्यविधिले तोके वमोजिमका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

७४. गाउँपालिका क्षेत्र भित्रका सवै विद्यालयस्तर, समुदायस्त, वडास्तरका वालक्लव र वाल संजाल गठन पुनर्गठनलाई नियमित गरी क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।

७५. नवजात शिशु,वालवालिका गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्य हितका लागि पोषण सम्वन्धी कार्यक्रम प्रभावकारी ढंगबाट संचालन गरिनेछ ।

७६. गाउँपालिकाको पहिचान दिने, रोजगारी र स्वरोजगारिता सृजना गर्ने, स्थानीय श्रोत साधनको अधिकतम प्रयोग गर्ने योजना कार्यक्रमलाई प्राथमिकता दिईनेछ । स्थानीय सहकारीहरु संगको सहकार्यमा गरिबी न्यूनीकरण र समावेशी विकास गरी सामाजिक विभेद कम गर्दै लगिनेछ ।

७७. गरिवी तथा विपन्न वर्गहरुको पहिचान गरी गरिवी न्यूनिकरण रणनीति तयार गर्दै कार्यान्वयनमा ल्याइनेछ र परिचयपत्र वितरण गरि गरिवी न्यूनिकरणका लागि विभिन्न खालका आयआर्जनमा सहयोग पुग्ने सीपमूलक तालिम संचालन गरिनेछ । स्वरोजगार महिला उद्यमीहरुलाई विशेष प्रोत्साहन तथा सहयोग गरिनेछ ।

७८. औद्योगिक, आर्थिक, सामाजिक विकासका लागि दक्ष जनशक्ति तयार गर्न विभिन्न सीपमूलक तालिम संचालनमा ल्याउन व्यावसायिक तालिम केन्द्रहरुसंगको सहकार्यलाई प्राथमिकता दिइनेछ ।

७९. अपाङ्गतामैत्री, बालमैत्री, लैङ्गीक समानता मुलक गाउँपालिका वनाउन लागि कार्ययोजना निर्माण गरी कार्यक्रम कार्यान्वयन गरिनेछ। बढैयाताल गाउँपालिकालाई हरेक किसिमको विभेदमुक्त समाज निर्माण गर्ने नीति लिईनेछ । यसका लागि सकारात्मक विभेदको नीति समेत अवलम्बन गरिनेछ ।

८०. युवावर्गहरुको क्षमता अभिवृद्धिका लागि विभिन्न अतिरिक्त क्रियाकलाप, व्यावसायिक तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

८१. राष्ट्र र समाजका लागि अमूल्य योगदान दिने व्यक्ति व्यक्तित्वको सम्मानमा स्थापना गरिएका विभिन्न खेलकूद कार्यक्रम तथा अन्य क्रियाकलाप सञ्चालनमा सहयोग गर्ने नीति लिइनेछ । गाउँपालिका भित्र सुबिधा सम्पन्न्न सभा गृह र खेलकुद मैदान निर्माण गरिनेछ ।

८२. गाउँपालिका स्तरिय एक खेलकुद विकाश समिति गठन गरि खेलकुदलाई विकाश गरिने छ । युवा वर्गलाई खेलकूदको माध्यमवाट स्वस्थ जीवनशैली सृजनात्मक क्षमताको विकास गरि युवाहरुलाई खेललाई पेशामा बदल्न प्रोत्साहीत गरिनेछ र समाजको प्रतिष्ठा अभिवृद्धि गर्न प्रेरित गरिनेछ । दुर्व्यसनमा फसेका युवाहरुलाई लक्षित गरी लागु पदार्थ दुर्व्यसन, एच.आइ.भि.एड्स नियन्त्रण गर्न समुदाय तहमा सचेतीकरण कार्यक्रम संचालन

गरिनेछ । दुर्व्यसनमुक्त समाज निर्माणका लागि सकारात्मक सोंच सम्वन्धी तालिमवाट स्वरोजगार र आत्मनिर्भरता तर्फ अग्रसर गराइनेछ ।

**८३.** गाउँपालिका र विभिन्न संघ संस्थाहरुको सहकार्यमा सञ्चालन हुने कार्यक्रमहरुको कार्यक्रम सम्पन्न प्रतिवेदन गाउँपालिकामा पेश गर्न अनिवार्य गरिनेछ । गैरसरकारी संघ सस्थाहरुसंगको सहकार्यलाई प्राथमिकता दिईने छ । गाउँपालिका क्षेत्र भित्र कार्यक्रम सञ्चालन गर्ने सबै गैससहरुका कार्यक्रमहरु गाउँपालिकाको विकास योजनामा अनिवार्य समावेश गराउन पहल गरिनेछ ।

**८४.** गाउँपालिकामा क्रियाशिल व्यवसायिक संघ सस्थाहरुसंग समर्ग पालिको विकासका लागि सहकार्य गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

**८५.** धार्मिक ऐतिहासिक पुरातात्विक, सांस्कृतिक महत्वका क्षेत्र, सम्पदाको संरक्षण, संवर्द्धन, प्रवर्द्धनमा समुदायको अपनत्व कायम गर्दै स्थानीय बिपन्नतबर्ग जीविको पार्जनमा सहयोग पुग्ने गरी कार्यक्रम संचालन गरिनेछ साथै मठ मन्दिर गुम्वा, चर्च, मस्जिद समेतको संरक्षणमा समुदायलाई प्रेरित गरिनेछ ।

**८६.** स्थानीय समुदाय विशेषका संस्कृतिलाई संरक्षण,विकास र प्रवर्द्धनमा प्रोत्साहन गर्ने नीति लिइनेछ। संस्कृति संरक्षण र पर्यटन प्रवर्द्धनका लागि फरक पहिचान र विशेषतायुक्त सांस्कृतिक होम स्टे को स्थापना, संचालन र प्रवर्द्धनमा प्रोत्साहन सहयोग गर्ने नीति लिइनेछ ।

**८७.** गाउँपालिका क्षेत्रभित्र रहेका अल्पसंख्यक, थारु, मधेशी, मुस्लीम, पिछडा वर्ग जातजातिका भाषा संस्कृतिको जगेर्ना गर्दै सामाजिक मूल प्रवाहिकरण, सशक्तिकरण र उत्थानका लागि समिति गठन गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

**८८.** शिक्षा, स्वास्थ्य, भाषा, संस्कृति, कला, साहित्य आदिको विकासमा योगदान पुऱ्याउने व्यक्तित्वहरुलाई सम्मान गर्ने नीति लिइनेछ ।

बैजनाथ गाउँपालिका

**८९.** खाद्दे संरक्षण अधिकार, उपभोक्ता अधिकार, गुणस्तर सम्बन्धी जनचेतना अभिवृद्धि गराउने र कालोबजारी नियन्त्रण, नियमित बजार अनुगमन गर्ने र आवश्यक मापदण्ड बनाई त्यस्तो कार्यलाई दण्डित गर्ने नीति लिइनेछ । जनतालाई खाद्दे सुरक्षमा पहुँच पुर्याउन नितीगत र योजनागत कार्य अगाडि बढाईनेछ ।

**९०.** नागरिकहरुको स्वास्थ्य परीक्षण शिविर र सहायक सामग्री वितरण कार्यक्रमहरु क्षेत्रगत रुपमा संचालन गरिनेछ ।

**९१.** गाँउपालिका अन्तरगतरहेको न्यायिक समितिहरुको क्षमता बृद्धि गरि सर्बसाधरणलाई न्यायमा पहुँच बढाई न्याय प्राप्तीमा अनुभुति प्रदान गर्नका लागि वडास्थरमा रहेका मेलमीलाप कर्ताको क्षमता विकास गरि विवादको पहिलो सुनुवायी वडा स्थरमै गर्ने व्यवस्था मिलाईनेछ । पालिकाको न्यायिक समितिको अझ बढि शसक्त बनाउने कार्यक्रम संचालन गरिने छ ।

**९२.** परम्परागत रुपमा थारु समुदायमा संचालन रहदै आएको बडघर प्रथालाई समयाअनुसार परिमार्जित गरि थप प्रभावकारी ढंगबाट व्यवस्थापन गर्दै लगिने छ ।

**९३.** मदिरा विकि तथा सेवनलाई मर्यादित र अनुशासित गरिने छ ।

**९४.** लागु औषध ओसार पसार, वेच विखन तथा सेवनलाई पुर्ण रुपमा नियन्त्रण मुखी कार्यक्रमहरु संचालन गरिने छ ।

**९५.** भुमिहिन किसान, मुक्त कमैया तथा अव्यवस्थित वसोवास गर्नेलाई व्यवस्थित गर्न आवश्यक पहल गरिने छ । पालिकाको भुमी व्यवस्थापनको लागि, जग्गा व्यवस्थापन शाखावाट व्यवस्था गरि भुमीको लगत तथ्यांक, नाप नक्सा, जस्ता भुमी सम्बन्धी सबै कार्यको थालनी गरि समयमै भूमी सम्बन्धि समस्या समाधानको कार्य सम्पन्न गरिने छ ।

९६.यस पालकिाको शिक्षा क्षेत्रको विकासको लागि एक विज्ञ टोलिवाट समग्र अध्ययन गराइ प्रभावकारी दीर्घकालिन शिक्षा नीति वनाइने छ ।

९७. यसै आ.व.  देखी शिक्षक दरवन्दी मिलानको कार्य सम्पन्न गरि शिक्षक विद्यार्थीको अनुपातलाई मिलाउने काम गरिने छ ।

९८. एक शिक्षा विकास कोष स्थापना गरी पालिकाका जेहेन्दार गरीव विद्यार्थीलाई उच्च शिक्षा र विशेष शिक्षाका लागि छात्रवृती उपलब्ध गराइने छ ।

९९. कम्तिमा एक साधन श्रोत संयुक्त माध्यामिक विद्यालयलाई आवासिय विद्यालयको रुपमा विकास गरी पालिका भरीका  अभिभावक विहिन, वेसाहारा, सडक वालवालिकालाई अध्ययनको सम्पूर्ण व्यवस्था मिलाइने छ ।

१००. संयुक्त पालिकाको विद्यालयको भौतिक अवस्थाको नंसाङ्कन गरी पहुन र भनसुनको आधारमा भन्दा आवश्यक्ताको आधारमा भौतिक सुधारको योजना सुनिश्चीत गरिने व्यवस्था मिलाइने छ ।

सभाकासदस्य ज्यूहरु

## पुंर्वाधार विकासका सम्बन्धी नीतिहरु

**१०१.** बढैयाताल गाउँपालिकालाई आर्थिक केन्द्रको रुपमा विकास गर्न औधौगिक ग्राम स्थापना गर्न प्रक्रियाको  सुरु भईसकेको छ ।  प्रस्तावित गुरुयोजना अनुरुप औधोगिक ग्राम स्थापना र सञ्चालनको कार्य अगाडि वढाइने छ ।

**१०२.** सम्पुर्ण वडाकार्यालयहरुंलाई वडा सेवाकेन्द्रका रुपमा विकास गर्न तथा समिति कार्यालय मार्फत गरिनेकार्यलाई प्रभाकारी रुपमा सम्पादन गर्नकानिम्ति आवश्यक पूर्वाधारहरुको डि.पि.आर. तयार गरि निर्माणकार्य अघिबढाईनेछ।

**१०३.**गाउँपालिका कार्यालयको आफ्नो कार्यालय भवन अभावमा भ्फेलिरहेको विविध समस्या समाधान गर्न अत्याधुनिक गाउँपालिका भवनको निर्माण गरिनेछ साथै भवन नभएका वडा कार्यालयहरुका भवन निर्माण गरिने छ र सो स्थान सम्म पुग्ने कालोपत्रे बाटो निर्माणमा जोड दिईने छ ।

बढैयाताल गाउँपालिका

**१०४.** ग्याङ नदिमा पक्की पुल नभएका कारण वडा नं.९ को  यातायातमा समस्या परेको हुँदा प्रदेश तथा केन्द्रमा पुल निमार्णको लागि पहल गरिने छ  ।

**१०५.**साविकमा संचालनमा रहेका ठुलासाना अधुरा तथा क्रमागत आयोजनाहरुलाई प्राथमिकता दिई सम्पन्न गर्दै गरिने छ।

**१०६.**पूर्वाधार विकासका लागि जनपरिचालन र जनसहभागितामा आधारीत कार्यक्रमलाई प्राथमिकता साथ संचालन गरिनेछ। ठुला आयोजनाहरुको संभाव्यता अध्ययनगरी सामाजिक आर्थिक र वातावरणीय दृष्टिकोणवाट सम्भाव्य आयोजनाहरुको कार्यान्वयन मा जोड दिईनेछ।

**१०७.**पूर्वाधार निर्माण गर्दा महिलामैत्री, वालमैत्री, अपाङ्गमैत्री तथा वातावरणमैत्री हुने निति लिईनेछ। स्थानीय स्रोत र साधनको अधिकतम परिचालन हुन रोजगारी र स्वारोगारी सिर्जना गर्ने योजनालाई विशेष प्राथमिकता दिई संचालन गरिनेछ।

**१०८.** उपभोक्ता समिति मार्फत संचालन हुने योजनालाई व्यवस्थित र प्रभावकारी बनाउन शसक्तिकरण कार्यक्रम संचालन गरिनेछ। उपभोक्ता समिति मार्फत भौतिक पूर्वाधार तथा संरचनाहरुको गुणस्तर कायम गर्ने कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता समिति र अनुगमन समितिलाई अभिमुखिकरण कार्यक्रम संचालन गरी थप प्रभाकारी बनाईने छ साथै ठेक्का प्रथाबाट गरिने निर्माण कार्यलाई व्यवस्थित र पारदर्शि ढङ्गबाट व्यवस्थित गरिने छ ।

**१०९.** उपभोक्ता समिति मार्फत संचालन हुने आयोजनाहरु निर्माण सम्पन्न भई फरफारक भए पछि दिर्घकाल सम्म आयोजनाको संचालन व्यवस्थापन र मर्मत सम्भार मा स्यवम उपभोक्ताहरुलाई नै जिम्मेवार बनाउने निति लिईनेछ।

**११०.** बढैयाताल गाउँपालिका भित्रका बजार क्षेत्र सार्वजनिक शौचालय, ढल निर्माणका साथै सौर्य वत्तिजडान गर्न समुदाय सँग सहकार्य गरी जडान तथा संचालनमा

जनसहभागीतालाई प्रोतसाहित गरिनेछ साथै बैकल्पिक उर्जा प्रबद्धान गर्ने कार्यलाई प्रोत्साहित गर्दै लगिनेछ । यस वर्ष सडक वत्तिको विस्तार गरिने छ ।

**१११.** गाँउपालिका अन्तरगत रहेका नदि नालाहरुले बर्षेनी गर्ने ठुलो धनजनको क्षति कम गर्न  आवस्यक स्थानमा तट्टबन्धनका साथै पुल, कल्भर्ट निर्माणमा बिशेष जोड दिईने छ ।

**११२.** बढैयाताल गाँउपालिका भित्र रहेका सम्पुर्ण बाटोहरुको बर्गिकरण गरि मुख्य सडक र रिङरोडको डि.पि.आर तयार गरी सडक गुरु योजना अनुसार ने सडक विस्तारको कार्य गरिने छ  ।

**११३.** जनता आवास कार्यक्रमलाई क्रमश सबै वडामा पुर्याउने लक्ष लिईने छ भने मुख्य सडक बाहेकका सडकमा समेत समुदायको सफ्फेदारीमा ८०:२० माकालोपत्रे बाटोको बिस्तार गरिने छ ।

**११४.** कृर्षि बस्तु उत्पादन अभिवृद्धि गर्न कृर्षि जन्य वस्तुहरुको व्यावसायिक उत्पादन क्षेत्रमा उपयुक्त र दिगो सिचाई सुविधा लगाएतका पूर्वाधारको पहुँच बढाईने छ।

**११५.** सिचाई पूर्वाधारको ठूला तथा मझौला योजनाहरु निर्माण गर्न केन्द्र र प्रदेश सरकारसंग पहल गरिने छ साथै साना अत्यावश्यक योजनाहरुलाई निर्माणमा प्राथमिकता दिईने छ।

**११६.** भवन निर्माण मापदण्ड र भवन निर्माण आचारसंहिताको निर्माण गरी व्यवस्थित ढङ्गले कार्यान्वयन गर्दै लगिनेछ।

११७. कुनै पनि सरकारी भौतिक निर्माण कार्य गर्दा व्यक्तिको जग्गामा गरिने छैन । सरकारी , ऐलानी , सामुदायिक वन क्षेत्रमा निमार्ण कार्य गर्दा सम्वन्धित निकायको पूर्व अनुमति लिई गरिने छ ।

सभाका सदस्य ज्यूहरु

बढैयाताल गाउँपालिका

## वन, वातावरण तथा विपद् ब्यबस्थापनका सम्बन्धी नीतिहरु

**११८.** सामुदायिक वनहरुमा आम्दानीहुने विरुवाहरु जस्तै (हलेदो, अम्रिसो, वेद, तरुल र जडिवुटिका विरुहरु वृक्षारोपणका लागि नर्सरीको ब्यवस्थापन गरि आयआर्जमा टेवा पुर्‍याइने छ साथै सामुदायिक वनमा सेवा लिन नसकेका समुदायहरुलाई सामुदायिक वनमा समावेश गर्ने निति लिईने छ ।

**११९.** .स्थानीय विपद व्यवस्थापन समिति मार्फत विपद पूर्व तयारी तथा प्रतिकार्य योजना र जोखिम न्यूनिकरण तयारीको योजना निर्माण गरिनेछ। गाउँपालिका प्रकोप ब्यवस्थापन कोष बृद्धिगर्दै लगिनेछ ।

**१२०.** विपदको अवस्थामा खोज तथा उद्धारको लागी विपद व्यवस्थापनमा काम गर्ने विभिन्न सरकारी एंव गैरसरकारी निकायहरुसंग समन्वय गरी दक्ष र तालिम प्राप्त स्वयम सेवकको विकास गरि राहात, उद्धार, र सामाग्रहरुको भण्डारण र पूर्व तयारीको ब्यवस्थापन मिलाइनेछ ।

**१२१.** प्राकृतिक प्रकोपको बाट बच्नका लागी खुल्ला क्षेत्रको पहिचान गरी त्यस्ता क्षेत्रमा खुला क्षेत्र कायम गरिनेछ। पालिकामा एउटा हेलीप्याडको निर्माण गरिनेछ। आवश्यक्ता अनुसारको सेल्टर हाउसको निमार्ण गरिने छ।

**१२२.** प्राकृतिक प्रकोपको रुपमा आउने विपत व्यवस्थापनको लागि दमकलको व्यवस्था गरिने छ।

**१२३.** सडक, नाली, सार्वजनिक र खुल्ला स्थानमा फोहर फाल्नेलाई कारवाही गरिनेछ सो को सुशासन तथा संस्थागत विकासका लागि वडा तहवाट अनुगमन गर्ने ब्यवस्था मिलाईने छ । साथै वडा समितिलाई उल्लेखित कार्यमा सहयो पुग्ने गरि भौगोलिक अवस्थाका आधारमा टाल विकास समिति गठन गरि परिचालन व्यवस्था मिलाइनेछ ।

**१२४.** बढैयाताल गाउँपालिकाको वित्तिय कारोवारलाई कम्प्युटरीकृत गरी थप व्यवस्थित गरिनेछ। वडास्तरवाट संकलन हुने राजश्वलाई थप व्यवस्थित वनाइनेछ। गाउँपालिकाको करको दायरा फराकिलो बनाउदैं समग्र गाउँपालिकाको राजश्व अभिवृद्धिमा योगदान पुऱ्याउन निजी क्षेत्रलाई पनि परिचालन गर्ने नीति लिइनेछ। गाउँपालिकालाई आवश्यक पर्ने अफिस उपकरण, स्टेशनरी तथा मेशिनरी सामानहरु खरिद गर्दा गुणस्तर चिन्ह प्राप्त र ग्यारेन्टी भएका सामानहरुलाई प्राथमिकता दिइनेछ साथै स्वदेशी र स्थानीय उत्पादनलाई प्राथमिकता दिइनेछ।

**१२५.** कार्यालयमा भएका साधन मेशिन उपकरणहरुको वेलैमा नियमित मर्मत सम्भार गर्ने, अधिकतम परिचालन गर्ने र स्रोत अभिवृद्धिमा समेत प्रयोग गर्ने नीति लिइनेछ।. कार्यालयमा रहेका विभिन्न सवारी साधन, मेशिन उपकरण, फर्निचरहरु लगायतका जिन्सी सामानहरु चालुअवस्थामा राखिनेछ। सम्पूर्ण जिन्सी सामानको अभिलेख अनलाइन पद्धतिमा आम्दानी खर्च जनाइने छ ।

**१२६.** गाउँपालिका र वडा कार्यालयबाट समेत आयोजना हुने सभा, बैठकलाई आन्तरिक खर्च नियन्त्रण कायृविधि तयार गरी सोही अनुसार मितव्ययी र छरितो बनाईने छ।

**१२७.** कार्यालयको तर्फवाट गरिने सबै खालका भ्रमण कार्यक्रमलाई मितव्ययी र प्रभावकारी वनाउन औचित्यको आधारमा भ्रमण आदेश दिने र भ्रमण पछि अनिवार्य रुपमा भ्रमण प्रतिवेदन पेश गर्न लगाइने व्यवस्था मिलाइनेछ।

**१२८.** गाउँपालिकाकावाट कार्यान्वयन हुने योजना कार्यक्रमहरुमा वित्तीय जोखिम न्यूनिकरणका लागि निर्माण तथा खरिद प्रक्रियालाई वढि प्रतिस्पर्धात्मक वनाउन कर्मचारीलाई तालिमको व्यवस्था गरि विद्युतिय बोल कबोल E-BIDDING प्रणाली अबलम्बन गरीनेछ।

**१२९.** सुशासन पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गराउन गाउँपालिकाले लिएको समग्र नीति र संचालित कार्यक्रम आयोजनाले पारेको सामाजिक प्रभावको लेखाजोखा

गर्ने गरी सामाजिक परीक्षण र सवै आयोजना कार्यक्रमहरुमा सार्वजनिक परीक्षण र वडा क्षेत्रगत रुपमा चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिनेछ। यस्ता कार्यक्रम सकेसम्म दोस्रो पक्षवाट गराइने छ।

**१३०.** आन्तरिक लेखा परीक्षण पद्धतिलाई प्रभावकारी वनाइने छ। वेरुजू हुन नदिने र फछ्र्यौटलाई व्यवस्थित गरिनेछ। कार्यालयका सवारी साधन र अफिस उपकरणको मितव्ययी ढंगवाट परिचालन गरिनेछ। गाउँपालिका भित्र रहेका सवारी साधनहरुको परिचालन मितव्ययी र व्यवस्थित वनाउन सवारी साधन परिचालनमा पदाधिकारी र कर्मचारीहरुलाई उपलव्ध गराइने सवारी साधन र इन्धन सुविधा  व्यवस्थित वनाइनेछ।

**१३१.** गाउँपालिकाको आधिकारिक वेभसाइटको नियमित अपडेट गरी नागरिकलाई प्रवाह गर्ने सेवालाई सूचना प्रविधिमा आधारित वनाउन अभिप्रेरित गरिनेछ। व्यक्तिगत घटना दर्ता कार्यलाई हरेक वडामा अनलाइन मार्फत् गर्ने नीति लिइनेछ। अबका दिनमा सेवा प्रवाहलाई क्रमश अनलाईन मार्फत सेवा प्रवाहका लागि अध्ययन कार्य अगाडि बढाईनेछ।

**१३२.** गाउँपालिकालाई भ्रष्टचारमा शुन्य सहनशीलताको नीति अंगिकार गरिनेछ।

पारदर्शिता र सुशासनका लागि गाउँपालिकासंग संवन्धित सूचनाहरुलाई विद्युतीय तथा छापा सञ्चार माध्यमवाट सार्वजनिकीकरण गर्ने कार्यक्रमलाई प्रभावकारी वनाई निरन्तरता दिइनेछ। सुचना पाटीको व्यवस्था मिलाइनेछ।

**१३३.** गाउँपालिकाको कार्य प्रणालीलाई सुरक्षित पारदर्शि र थप व्यवस्थित वनाउन वडा कार्यालयमा समेत क्रमशः CCTV जडान गरिनेछ।

**१३४.** सूचनामा पहुंच जबाफदेहिता र पारदर्शितामा अभिवृद्धि गर्न गाउँपालिकामा जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई  तालिम अभिमुखीकरण संचालन गरिनेछ।

**१३५.** गाउँपालिकाको सूचना प्रणालीलाई थप व्यवस्थित र सुचना शाखा स्थापना गरी व्यवस्थित सुचना प्रवाह मैत्री बनाइने छ।

बेलबारी गाउँपालिका

**१३६.** विद्युतीय हाजिरीलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याई सुशासन पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनमा थप प्रभावकारिता ल्याइनेछ ।

**१३७.** गाउँपालिकाको संस्थागत विकास, तथा सुशासन, जवाफदेहिता तथा पारदर्शिता कायम गर्न आवश्यकतानुसार गाउँपालिकाको विनियमहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग वढाउदैं क्रमश Paperless कार्यालयको रुपमा विकास गर्दै लगिनेछ । गाउँपालिकावाट जनप्रतिनिधि र कर्मचारीलाई गरिने पत्राचारलाई निरुत्साहित गरी SMS प्रणालीलाई अझ बढी प्रभावकारी बनाईनेछ।

**१३८.** सेवाग्राही नागरिकहरुको गुनासो व्यवस्थापन गर्न हरेक वडामा एक जना गुनासो सुन्ने प्रतिनिधिको व्यवस्था मिलाइनेछ । साथै गाउँ कार्यपालिकामा समेत गुनासो व्यवस्थापनलाई थप व्यवस्थित वनाइनेछ ।

**१३९.** वडा सरकारको अवधारणा अनुसार गाउँवासीका अधिकतम सेवा वडा कार्यालयहरुवाटै उपलव्ध हुने व्यवस्था मिलाइएको छ । सेवाग्राहीहरुलाई गुणस्तरीय र सहज सेवा प्रदान गर्नका लागि सेवाग्राहीमैत्री वडा कार्यालयको घोषणा गर्ने नीति ल्याइनेछ ।

**१४०.** जनप्रतिनिधि तथा कर्मचारीहरुको आचार संहिताको कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ। स्थानीय तहबाट प्रदान गरिने सेवाको गुणस्तरमा सुधार गर्दै प्रक्रिया सरलीकृत गर्ने र सेवामा सर्वसाधारण जनताको पहुँच अभिवृद्धि गर्ने नीति लिइनेछ । सेवालाई प्रविधि मैत्री बनाइनेछ ।

**१४१.** जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गरी सेवा प्रवाहलाई गुणस्तरीय जनमैत्री बनाइने छ ।

**१४२.** सार्वजनिक सेवाको गुणस्तर, कार्य शैली र व्यवहारको लेखाजोखा गर्न सार्वजनिक सुनुवाइ सार्वजनिक परिक्षण जस्ता विधि तथा औजारहरुको प्रयोग गर्ने नीति लिइने छ ।



बेलौरी गाउँपालिका

**१४३.** सर्वसाधारण जनताको पहुँचमा वडा कार्यालयहरुको सेवालाई प्रभावकारी बनाउदै वडा कार्यालयहरुलाई प्रविधि मैत्री बनाउने र वडा कार्यालयहरुको पूर्वाधार विकास गर्ने नीति लिइनेछ ।

**१४४.** परिवर्तित सन्दर्भमा संविधान र कानूनद्वारा प्राप्त अधिकारको प्रयोग र कर्तव्य पालनाका लागि आवश्यक मानव श्रोतको वैज्ञानिक र तथ्य फरक विश्लेषण गरी संगठन अध्ययन गरी संगठन संरचना र जनशक्ति व्यवस्थापन गर्ने नीति लिइने छ ।

**१४५.** कर्मचारीहरुलाई कार्य सम्पादनको आधारमा दण्ड, पुरस्कृत  र प्रोत्साहन गर्ने नीति लिईनेछ । आफ्‌ना काम कारवाही, निर्णयहरुको नियमित प्रकाशन गरी सुसूचित गर्ने नीति लिइनेछ ।

**१४६.** आवश्यक स्थानहरुमा मदन आश्रीत प्रतिष्ठान तथा शहिद पार्कहरुको निर्माण गरिने छ ।

**१४७.** द्वन्दपिडित, घाईते, शहिद, वेपत्ता तथा यातना पिडित परिवारका सदस्यहरुलाई आयमुलक तथा सिप मुलक तालिमको व्यवस्था गरिने छ ।

अन्त्यमा,

प्रस्तुत गरिएका निती तथा कार्यक्रमहरुको सफल कार्यान्वयनबाट मात्रै वास्तविक रुपमा बढैयाताल गाँउपालिका बासीको समर्ग विकासमा पहुँच पुग्ने हुँदा सम्वद्ध सबै पक्षमा सहयोगको अपेक्षा राख्दछु ।

धन्यवाद

.........................

लाल बहादुर श्रेष्ठ
अध्यक्ष
बढैयाताल गाउँपालिका, बर्दिया



बढैयाताल गाँउपालिका